# सूर्यगढी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ९ संख्याः २ मितिः २०८१/१०/०२

## भाग-२

## सूर्यगढी गाउँपालिका

सूर्यगढी गाउँपालिकाको बाल अधिकार संरक्षण, सम्बर्धन तथा प्रवर्धन सम्बन्धी एकीकृत कार्यविधी - २०८१ सर्वसाधरणको जानकारीको लागि प्रकाशित गरिएको छ।

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/०९/२९**

**सम्बत २०८१ सालको कार्यविधि नं.: ८**

# सूर्यगढी गाउँपालिका
# बाल अधिकार संरक्षण, सम्बर्धन तथा प्रवर्धन सम्बन्धी
# एकीकृत कार्यविधी- २०८१

**प्रस्तावनाः**

सूर्यगढी गाउँपालिकामा बालबालिकाको हक, हित र अधिकारको संरक्षण, सम्मान, सम्बर्धन, प्रवर्धन र प्रचलन तथा परिपूर्तिका लागि नेपालको संविधान तथा बालबालिका सम्बन्धी कानुनमा भएका व्यवस्थाहरूको कार्यान्वयन गर्न, गराउन, बाल बचाउ, बाल संरक्षण, बाल बिकास र सहभागिताको अधिकार लगायत सर्वोत्तम हितको सुनिश्चितता गरी बालमैत्री स्थानीय शासनको प्रवर्धन गर्न एकीकृत कार्यविधि निर्माण वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२६ को उपधारा (१), बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० को उपदफा (३) र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी सुर्यगढी गाउँपालिकाको गाउँकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद – १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यबिधिको नाम “बाल अधिकार संरक्षण, सम्बर्धन तथा प्रवर्धन सम्बन्धि एकीकृत कार्यविधी, २०८१ ” रहेको छ ।

(२) यो कार्यविधी तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **“गाउँपालिका”** भन्नाले सूर्यगढी गाउँपालिका सम्झनु पर्छ ।

९ख) **“प्रमुख”** भन्नाले सूर्यगढी गाउँपालिकाको प्रमुख भन्ने सम्झनु पर्छ ।

९ग) **“उपप्रमुख”** भन्नाले सूर्यगढी गाउँपालिकाको उपप्रमुख सम्झनु पर्छ ।

९घ) **“ऐन”** भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ भन्ने सम्झनु पर्छ ।

९ङ.) **“नियमावली”** भन्नाले बालबालिका सम्वन्धी नियमावली, २०७८ सम्झनु पर्छ ।

९च) **“परिषद”** भन्नाले ऐनको दफा ५९ बमोजिमको राष्ट्रिय बाल अधिकार परिषद सम्झनु पर्छ।

(छ) **“बालगृह”** भन्नाले ऐनको दफा ५२ र नियमावलीको नियम ६२ बमोजिम स्थापना भएको वा संचालनमा रहेको र प्रचलित कानुन बमोजिम दर्ता भै परिषदबाट अनुमति लिएर विशेष संरक्षणको आवश्यकता भएका बालबालिका मध्ये ऐनको दफा ४९ बमोजिमको प्राथमिकताका आधारमा बालकल्याण अधिकारीले वैकल्पिक हेरचाहको व्यवस्थाका लागि अन्तिम विकल्पको रुपमा पठाएका बालबालिकाको आवासीय संरक्षण प्रदान गर्ने र ऐनकै दफा ६९ बमोजिमको अस्थायी संरक्षण सेवा प्रदान गर्ने संस्था सम्झनु पर्छ ।

(ज) **“बाल क्लव”** वा **“बाल संस्था”** भन्नाले बाल अधिकारको संरक्षण तथा प्रवर्धनका लागि १८ वर्ष पुरा नगरेका बालबालिकाले ऐनको दफा १० तथा नियमावलीको नियम ३ मा व्यवस्था भए अनुसार सम्बन्धित स्थानीय तहमा दर्ता भएको बालबालिकाको संस्था सम्झनु पर्दछ ।

(झ) **“बाल कोष”** भन्नाले विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तत्काल उद्दार, राहत, पुनर्स्थापना, गर्न तथा क्षतिपूर्ति प्रदान गर्ने काम समेतका लागि यस कार्यविधिको दफा २० बमोजिम स्थानीय तहमा स्थापना गरिएको स्थानीय बाल कोष सम्झनु पर्छ ।

ञ) **“बालबालिका”** भन्नाले अठार वर्ष उमेर पुरा नगरेको व्यक्ति सम्झनु पर्छ ।

ट) **“बाल सञ्जाल”** भन्नाले बाल क्लब वा बाल संस्थाहरुको संजालको रुपमा स्थानीय तहमा दर्ता भएको सञ्जाल सम्झनु पर्दछ ।

ठ) **“मन्त्रालय”** भन्नाले नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ ।

ड) **“बाल कल्याण अधिकारी”** भन्नाले ऐनको दफा ६१ बमोजिम यस सूर्यगढी गाउँपालिकामा प्रत्येक बालबालिकाको अधिकारको सम्मान, संरक्षण र सम्बर्धन गर्न तथा बाल संरक्षण सम्बन्धी कार्य गर्न तोकिएको पदाधिकारी सम्झनुपर्छ ।

ढ) **“विशेष संरक्षण भएका आवश्यकता बालबालिका”** भन्नाले ऐनको दफा ४८ बमोजिम बालबालिका सम्झनु पर्दछ ।

ण) **“समाजसेवी तथा बाल मनोविज्ञ”** भन्नाले ऐनको दफा ६२ बमोजिम यस सूर्यगढी गाउँपालिकामा प्रत्येक बालबालिकाको अधिकारको सम्मान, संरक्षण र सम्बर्धन गर्न तथा बाल संरक्षण कार्य समेत गर्नका लागि नियुक्त भएको वा तोकिएको अधिकारि सम्झनु पर्दछ ।

त) **“समिति”** भन्नाले गाउँपालिकामा स्थापित गाउँ बाल अधिकार समिति सम्झनु पर्दछ।

थ) **“संस्था”** भन्नाले बाल अधिकार संरक्षण, सम्बर्धन तथा प्रवर्धनका लागि प्रचलित कानुन बमोजिम दर्ता भै बालबालिका सम्बन्धी कार्यक्रम संचालन गरिरहेका संघ/संस्था, संगठन, संजाल तथा सामुदायिक संस्था सम्झिनु पर्दछ।

द) **"सेवाप्रदायक निकाय"** भन्नाले यस सुर्यगढी गाउँपालिकामा बालबालिका सम्बन्धी सेवा प्रवाह गरिरहेका सरकारी निकाय, गैरसरकारी संघ/संस्था नीजी क्षेत्र, विद्यालय, श्रोत केन्द्र, प्रहरी चौकी/कार्यालय, अस्थायी संरक्षण सेवा केन्द्र, पुनर्स्थापना केन्द्र, बाल गृह, बाल सुधार गृह, बालबालिका खोजतलास सेवा र बाल हेल्पलाइन सेवा जस्ता सेवा प्रदान गर्ने निकाय तथा संस्था सम्झनु पर्छ ।

ध) **"अनाथ बालबालिका"** भन्नाले प्रचलित कानुन बमोजिमका अनाथ बालबालिका सम्झनु पर्दछ ।

(न) **"वैकल्पिक हेरचाह आवश्यकता भएका बालबालिका"** भन्नाले ऐनको दफा ४८ को उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ), (ड.), (च) र (छ) बमोजिमका बालबालिका सम्झनु पर्छ ।

## परिच्छेद - २
## उद्देश्य

**३. <u>उद्देश्य</u>** : यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ :-

क) गाउँपालिकामा बालबालिका सम्बन्धी कानुन र नीतिमा भएका व्यवस्थाहरु कार्यान्वयन गरी बाल अधिकारको संरक्षण, सम्मान, सम्वर्धन, प्रवर्धन, प्रचलन तथा परिपूर्ति गर्नु,

ख) बालबालिका संग सम्बन्धित योजना र कार्यक्रमको कार्यसम्पादनमा सहजता ल्याउनु।

## परिच्छेद — ३
## बाल अधिकारको संरक्षण, सम्मान, सम्बर्धन, प्रवर्धन, प्रचलन र परिपूर्ति गर्ने दायित्व निर्वाहको व्यवस्था

**४. <u>बाल अधिकारको संरक्षण</u>** : गाउँपालिका भित्रका बालबालिकाको अधिकारको संरक्षण, सम्मान, सम्बर्धन, प्रवर्धन, प्रचलन तथा परिपूर्ति ऐनको दफा ६४ र ६५, बालबालिकाप्रतिको दायित्व निर्वाह दफा १७, १८, र १९ एवं बालबालिकाको कर्तव्य दफा ७७ बमोजिम पालना तथा कार्यान्वयन गरिनेछ ।

**५. <u>बाल अधिकारको संरक्षण, सम्मान, सम्वर्धन र प्रवर्धनमा सेवा प्रवाहको व्यवस्था</u>** : बाल अधिकारको संरक्षण, सम्मान, सम्बर्धन र प्रवर्धन गर्नाका लागि देहाय बमोजिमको सेवा प्रवाहको व्यवस्था मिलाइनेछ ।

(क) गाउँपालिका भित्रका हरेक बालबालिकाको जन्मदर्ता तथा नागरिकता प्रमाणपत्र पाउने अधिकारको सुनिश्चितताको लागि सरल र उपयुक्त उपायहरु अपनाई प्रचलित कानुन बमोजिम बालबालिकाको पहिचानको अधिकार ग्यारेन्टी गरिनेछ। विशेष कारणवस जन्मदर्ता फेरवदल वा विशेष परिस्थिति भएका बालबालिकाको पहिचान वा सम्पर्क हुन नसकेका बालबालिकाहरुले समेत अन्य साधारण बालबालिका सरह सेवा सुविधा प्राप्त गर्ने छन् ।

द्रष्टव्य : वेवारिसे तथा अभिभावकको पहिचान हुन नसकेका बालबालिकाहरुको हकमा स्थानीय तहको (सम्बन्धित वडा र पालिकाको) जनप्रतिनिधिहरु सूचक बसी जन्मदर्ता गर्न सकिनेछ ।

(ख) नवजात शिशु, शिशु र बालबालिकाका लागि आवश्यक सबै किसिमका खोपहरु, स्वास्थ्य सेवा, पोषणसंग सम्बन्धित सेवासुविधा र आवश्यक बालमैत्री तथा अपांगतामैत्री भौतिक पूर्वाधारको व्यवस्था, उपकरण र औषधिहरु उपलब्ध गराउने, सेवा प्रवाह प्रभावकारी र बालमैत्री भए नभएको नियमित अनुगमन गर्ने गराउने कार्यहरु गरी बालबालिकाको स्वास्थ्यको अधिकार सुनिश्चित गर्ने व्यवस्था गरिनेछ ।

(ग) असाहाय, आयआर्जन नभएका, अतिविपन्न बालबालिकालाई आवासीय सुविधा सहित पठनपाठनको व्यवस्था मिलाइनेछ ।

(घ) प्रतेक विद्यालय मा बालमैत्री तथा अपांगतामैत्री भौतिक संरचनाको व्यवस्था (सुरक्षित पर्खाल वा घेराबार, बेन्चडेस्क, टेबुल, उज्यालो कोठा र हावा राम्ररि आवातजावात हुने) कुनै पनि विभेद, अपहेलना, हेपाइ, हिँसा, दुर्व्यवहार, अस्वस्थ खाना लगायतका कार्यहरु निषेध गर्ने एवं लैंगिकमैत्री र अपांगतामैत्री भौतिक पूर्वाधार, शौचालय, पर्याप्त खानेपानी, सरसफाई, महिनावारी स्वच्छता व्यवस्थापन – महिनावारी कुना, तथा प्राथमिक उपचार बाकस, अपाङ्गता भएका बालबालिकाको पहुँचयोग्य भौतिक संरचना सहित बालमैत्री पठनपाठन, खेलमैदान, र सबै अवस्थाका विध्यार्थीमैत्री खेलकुद र सामानको व्यवस्था गरिनेछ। साथै यस गाउँपालिकाको हरेक विद्यालयमा बृहत विद्यालय सुरक्षा कार्यक्रम मार्फत सुरक्षित सिकाइ सुविधाहरु, विपद व्यवस्थापन र विपद जोखिम व्यवस्थापन र उत्थानशिलता शिक्षा आदि व्यवस्थाको प्रभावकारी कार्यान्वियन गरिनेछ ।

ङ) गाउँपालिका भित्रका सबै बालबालिकालाई प्रारम्भिक बालविकास केन्द्र र विद्यालयमा भर्ना गर्ने व्यवस्था गरिनेछ ।

(च) प्रत्येक विद्यालयमा विद्यार्थीलाई प्रदान गरिने छात्रवृत्तिको नियमित अनुगमन तथा मुल्यांकन गरी समिक्षा गरिनेछ ।

(छ) कम्तिमा प्रत्येक वडामा बाल पुस्तकालय, बाल सृजना केन्द्र, बाल उद्दान र खेलकुदको व्यवस्था गरिनेछ ।

(ज) प्रत्येक विद्यालयमा विद्यालय बाल अधिकार संयन्त्र, गुनासो सुनुवाई तथा मापदण्ड बनाइनेछ । साथै विद्यार्थी, शिक्षक लगायत अन्य सरोकारवालाका लागि बाल संरक्षण मापदण्ड बनाइ सहज देखिने गरी राख्ने, प्रचार प्रसार तथा सोहि बमोजिमको व्यवस्था लागु गरिनेछ ।

(झ) बालबालिकाविरुद्द हुने कुनै पनि किसिमको शोषण, हिँसा, दुर्व्यवहार, हेपाइ, अपहेलना लगायत बालबिबाह, बालश्रम रोकथाम र अन्त्य गर्न, आमाबाबु बिहिन र विशेष संरक्षण आवश्यकता भएका बालबालिकाको संरक्षण सुनिश्चित गर्न र उजुरीको तत्काल कारवाहीको लागि संस्थागत तहमा बाल संरक्षण संयन्त्र (ज बमोजिम) र मापदण्ड बनाइ लागु गरिनेछ ।

ञ) बालबालिकाको विरुद्दमा हिंसामा परेका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तत्काल उद्दार, संरक्षण र राहत व्यवस्थापनका लागि बाल हेल्पलाइन सेवा (निशुल्क टेलिफोन सेवा १०९८ — दस नौ आठ) लगायत सम्बन्धित सरोकारवाला निकाय र संस्था तथा हराएका बालबालिकाको खोजतलास, वेवारिसे अवस्थामा फेला परेका बालबालिकाको सकुशल उद्दार तथा व्यवस्थापन, जोखिमपूर्ण श्रममा संलग्न, बेचबिखन तथा ओसारपसारमा परेका तथा सडक बालबालिकाको उद्दार तथा संरक्षण गर्न बालबालिकाको खोजतलास सेवा (निशुल्क टेलिफोन सेवा १०४) संग समन्वय, सहजीकरण र सहकार्य गरिनेछ ।

(ट) गाउँपालिका भित्रका सबै अवस्थाका बालबालिकाको जनसंख्या, जातजाति, लैंगिक, अपाङ्गता, शैक्षिक, छात्रवृत्ति, सामाजिक सुरक्षा सहयोग, बाबुआमाबिहिन, जोखिममा परेका, स्वास्थ्य र पोषण, एचआइभी प्रभावित लगायतको स्थिति बारे खण्डीकृत सुचनाको व्यवस्थित तथ्यांक संकलन र अभिलेखीकरण गरी आवधिक रुपमा गाउँपालिकाको वेवसाईट बाट समेत सार्वजानिक गरिनेछ ।

(ठ) गाउँपालिकाका जनप्रतिनिधी तथा कर्मचारीलाइ बाल अधिकार तथा बालमैत्री व्यवहार, बाल संवेदनशीलता र बालमैत्री स्थानीय शासन अभ्यास सम्बन्धी प्रशिक्षण प्रदान गरिनेछ ।

(ड) गाउँपालिकाको आवधिक तथा वार्षिक योजना प्रक्रियामा अर्थपूर्ण बाल सहभागितालाई प्रोत्साहन गरी उक्त योजनामा बालबालिकासंग सम्बन्धित कार्यक्रमहरुलाई प्राथमिकताका साथ समावेश गरिनेछ ।

(ढ) खण्ड (ट) बमोजिमको तथ्यांकको आधारमा बालबालिकाको अवस्थाको लेखाजोखा गरी गाउँपालिकाभित्रै बालबालिकाको संरक्षण तथा व्यवस्थापन गरिनेछ ।

**६. <u>बालबालिकाको सर्वोत्तम हित कायम गर्नुपर्ने</u>** : गाउँपालिका र गाउँपालिका भित्र प्रत्येक निकाय, बाल कल्याण अधिकारी, समाजसेवी तथा बाल मनोविज्ञ, सामाजिक संघसंस्था तथा सेवा

प्रदायक निकायहरुले बालबालिकाको निम्ति काम गर्दा बालबालिकाको सर्वोत्तम हित तथा उच्चतम हितलाई प्राथमिकता दिनु पर्नेछ ।

**७. <u>बालमैत्री र अपांगतामैत्री संरचना तथा अभ्यासको सुनिश्चितता</u>** : (१) बालबालिका रहने वा बालबालिकालाई सेवा प्रदान गर्नु पर्ने गाउँपालिका भित्रका सबै सार्वजानिक निकाय, संघसंस्था तथा निजी संस्थाले भौतिक संरचना निर्माण वा मर्मत सम्भार गर्दा बालमैत्री एवं अपांगतामैत्री हुने गरी निर्माण गरिने व्यवस्था गरिनेछ ।

**८. <u>बालबालिकाको वैकल्पिक हेरचाहको व्यवस्था</u>** : (१) गाउँपालिका भित्र फेला परेका तथा विशेष संरक्षणका आवश्यकता भएका बालबालिकामध्ये ऐनको दफा ४८ को उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ), (च), (ड.) र (छ) बमोजिमका बालबालिकालाई वैकल्पिक हेरचाहको व्यवस्था गर्दा यस्ता बालबालिकालाई सर्वोत्तम हित हुने गरी संरक्षण गर्ने प्रयोजनका लागि ऐनको दफा ४९ उपदफा (२) को खण्ड (क), (ख), (ग) र (घ) बमोजिमको प्राथमिकताको आधार एवं नियमावली नियम ५३ देखि ६७ बमोजिम गरिनेछ ।

## परिच्छेद — ४

## बाल कल्याण अधिकारीको नियुक्ति र समाजसेवी तथा बाल मनोविज्ञ सूचीकरण सम्बन्धी व्यवस्था

**९. <u>बाल कल्याण अधिकारीको नियुक्ति</u>** : (१) ऐनको दफा ६१ र नियमवालीको नियम ८१ बमोजिम हुने गरी १ जना बालकल्याण अधिकारीको नियुक्ति गरिनेछ ।

(२) उपदफा (१) बमोजिम बाल कल्याण अधिकारीको नियुक्ति नभएसम्म नियमावलीको नियम ८१ को उपनियम (४) बमोजिम बाल कल्याण अधिकारी तोकिनेछ ।

**१०. <u>बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकार</u>** : (१) बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकार ऐनको दफा ६१ को उपदफा (१), नियमावलीको नियम ८२, ऐन तथा नियमावलीमा अन्यत्र उल्लेखित काम, कर्तव्यका अतिरिक्त प्रदेशले तोके बमोजिम हुनेछ ।

**११. <u>समाजसेवी तथा बाल मनोविज्ञको सूचीकरण तथा नियुक्ति</u>** : समाजसेवी तथा बाल मनोविज्ञको सूचीकरण र नियुक्ति ऐनको दफा ६२ तथा नियमावलीको नियम ८३ बमोजिम हुनेछ ।

## परिच्छेद — ५

## वैकल्पिक हेरचाहको व्यवस्था

**१२. <u>वैकल्पिक हेरचाहको व्यवस्था</u> :** (१) ऐनको दफा ४९ बमोजिम ऐनकै दफा ४८ को उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ), (ङ.), (च) र (छ) बमोजिम विशेष संरक्षणको आवश्यकता भएका तथा वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकालाइ तत्काल उद्दार तथा संरक्षण गर्न आवश्यक देखिएमा र ऐनको ६९ बमोजिमको अस्थायी संरक्षण सेवाको प्रबन्ध गर्नुपर्ने भएमा बाल कल्याण अधिकारीले वैकल्पिक हेरचाहको व्यवस्था मिलाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बालबालिकाको बालबालिकाको वैकल्पिक हेरचाहको व्यवस्था मिलाउदा बाल कल्याण अधिकारीले नियमावालीको परिच्छेद — ६ बमोजिम मिलाउनु पर्नेछ ।

## परिच्छेद — ६

## बाल सहभागिता तथा बाल क्लब, बाल संजाल र बाल संस्था संचालन

**१३. <u>बाल सहभागिताको अभ्यासः</u>** (१) आफ्नो धारणा बनाउन सक्षम भएका बालबालिकालाई उनीहरुलाई असर पार्ने विषयमा परिवार, समुदाय, विद्यालय तथा सार्वजानिक निकायबाट सम्पादन गरिने कार्यहरुको प्रक्रियामा बाल सहभागिताको अभ्यासलाई प्रवर्धन गरिनेछ । आवधिक र वार्षिक योजना तर्जुमा लगायत बालबालिकासंग सम्बन्धित कार्यक्रमहरुमा सबै अवस्थाका बालबालिका (बालक, बालिका, सबै किसिमका अपाङ्गता, लैंगिक तथा यौनिक अल्पसंख्यक आदि)को सुनिश्चित गरिनेछ ।

(२) बाल सहभागिता प्रवर्धनका लागि स्थानीय तहबाट देहायका उपायहरु समेत अवलम्बन गरिनेछः

(क) बालबालिकासंग सम्बन्धित सरोकारका विषयमा कानुनले निषेध गरेको बाहेक उनीहरुले माग गरेको सुचना निशुल्क प्रदान गरिनेछ ।

(ख) स्थानीय तहभित्र विद्यालयहरुबीच तथा वडा समितिहरुबीच अतिरिक्त क्रियाकलापहरु (खेलकुद, साहित्य, गीत, संगीत, वक्तृत्वकला, हिज्जे, चित्रकला, सांस्कृतिक कार्यक्रम आदि) विविध किसिमका अपाङ्गता भएका बालबालिका समेतलाई उपयुक्त हुने गरी प्रतिष्पर्धात्मक कार्यक्रमको आयोजना गरी बाल सहभागितालाई प्रोत्साहन गरिनेछ ।

(३) बाल सहभागिता प्रवर्धनका नाममा व्यक्ति, संस्था वा सार्वजानिक निकायबाट हुन सक्ने देहायका कार्यहरु गर्नमा रोक लगाइनेछः

(क) बालबालिकाको अध्ययनमा नियमित बाधा तथा अवरोध पुग्ने गरी कार्यक्रम संचालन गर्ने वा सहभागी गराउन,

(ख) बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, आध्यात्मिक, सामाजिक विकासमा असर पुराउने खालका कुनै पनि गतिविधि वा कार्यमा बालबालिकालाई संलग्न गराउन,

(ग) बालबालिकालाई बाबुआमा, संरक्षक, विद्यालय लगायत कुनै पनि सरकारी निकाय वा गैरसरकारी संस्थाले बालबालिकाको हित विपरित र्याली, जुलुस, सभा आदिमा सहभागी गराउन,

(घ) विद्यालय लगायतका सरकारी निकाय वा गैरसरकारी संस्थाले कानुन वा विधान बमोजिम आफुले गर्नुपर्ने काम बालबालिका वा बाल क्लब वा संस्था वा तिनको संजाल मार्फत गराउन,

**१४. <u>बाल क्लब वा संस्था दर्ता, संचालन तथा नवीकरण, काम र कर्तव्य लगायतका व्यवस्थाहरु</u>** : यस सम्बन्धी कार्यहरु ऐनको दफा ८, ९, र १० तथा नियमावलीको परिच्छेद — २ बमोजिम हुनेछ ।

## परिच्छेद — ७

## स्थानीय बाल अधिकार समिति सम्बन्धी व्यवस्था

**१५. <u>स्थानीय बाल अधिकार समितिको गठन</u>** : ऐनको दफा ६० को उपदफा (२) बमोजिम प्रत्येक स्थानीय तहमा गाउँ कार्यपलिका वा नगर कार्यपालिकाको उपाध्यक्ष वा उपप्रमुखले तोकेको त्यस्तो गाउँ कार्यपालिका वा नगर कार्यपालिका सदस्यको अध्यक्षतामा स्थानीय बाल अधिकार समिति रहनेछ । स्थानीय बाल अधिकार समिति मा रहने सदस्य सख्या त्यस्तो समिती को काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धि कार्यबिधी देहाय बमोजिम निर्धारण गरिएको छः

**<u>गाउँ बाल अधिकार समिति</u>**

क) उपाध्यक्ष /उपप्रमुख वा निजले तोकेको कार्यपालिका सदस्य — संयोजक

ख) गाउँपालिकाले तोकेको महिला वडा सदस्य सहित २ जना वडा सदस्य — सदस्य

ग) गाउँपालिकाले तोकेको माध्यमिक विद्यालय का प्रधानाध्यापक मध्ये १ जना — सदस्य

घ) गाउँपालिकाले तोकेको बाल अधिकार सम्पर्क शिक्षक मध्ये १ जना — सदस्य

ङ) गाउँपालिकाले तोकेको सुचीकृत समाजसेवी वा सामाजिक कार्यकता वा बाल मनोविज्ञ वा बाल विशेषज्ञ मध्ये १ जना — सदस्य

च) गाउँपालिकाको बालबालिका शाखा प्रमुख, शिक्षा शाखा प्रमुख र स्वास्थ्य शाखा प्रमुख, पंजीकरण शाखा गरी ४ जना — सदस्य

छ) गाउँपालिका स्तरीय बाल संजाल ले तोकेको १ जना बालिका सहित २ जना — सदस्य

ज) बाल अधिकार, बाल संरक्षण वा बाल न्यायका क्षेत्रमा कार्यानुभव भएका व्यक्ति वा सस्था मध्येबाट गाउँपालिकाले मनोनयन गरेका कम्तीमा १ जना महिला सहित २ जना — सदस्य

झ) स्थानीय प्रहरी प्रमुख, नेपाल प्रहरी — सदस्य

ञ) गाउँपालिका भित्रका अस्पताल वा स्वास्थ सस्था मध्ये स्थानीय तहले मनोनयन गरेका एक जना प्रतिनिधि — सदस्य

ट) बाल कल्याण अधिकारी — सदस्य सचिव

**१६. <u>स्थानीय बाल अधिकार समितिको काम ,कर्तव्य र अधिकार</u>** : (१) स्थानीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार ऐन तथा नियमावलीमा उल्लेखित काम, कर्तव्य र अधिकारका अतिरिक्त प्रदेशले तोकेबमोजिम हुनेछ ।(२) उपदफा (१) मा उल्लेखित काम, कर्तव्य र अधिकारको अतिरिक्त स्थानीय बाल अधिकार समितीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) समितिको दीर्घकालीन निति, योजना र बाषिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने ।

(ख) बाल अधिकार सम्बन्धी आवश्यक स्थानीय निति, कानुन, योजना, कार्यक्रम र संस्थागत संयन्त्र को व्यवस्था गर्न स्थानीय तहलाई सुझाव दिने ।

ग) गाउँपालिका भित्र सचालित बालबालिका सम्बन्धि कार्यक्रमको अनुगमन, मूल्याकंन तथा समिक्षा गरी सुझाव दिने ।

(घ) गाउँपालिका भित्र हुन सक्ने बाल विवाह, बाल श्रम, शारीरिक तथा मानसिक पिडा वा तनाव, बालबालिका विरुद्धको हिसा र बाल यौन दुर्व्यवहार रोकथाम, निषेध नियन्त्रण, सडक बालबालिकाको उद्धार, संरक्षण, राहत, पुनर्स्थापना र व्यवस्थापन लगायत विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको हक हित र अधिकार संरक्षण र सम्वर्धन तथा बैकल्पिक हेरचाहको व्यवस्थापनमा समन्वय, सहयोग, सहजीकरण र सहकार्य गर्ने ।

(ङ) गाउँपालिका भित्रका वडा, विद्यालय, टोल, समुदाय, घर तथा परिवारलाई बालमैत्री बनाउने । नेपाल सरकारले तोकेको बालमैत्री स्थानीय शासनका सुचकहरु लागू गरि बालमैत्री विद्यालय ,बालमैत्री वडा, बालमैत्री स्थानीय तह अवलम्बन गरी घोषणा गर्ने ।

(च) गाउँपालिका भित्रका भौतिक सरचनालाई बालमैत्री र अपांगमैत्री बनाउन आवश्यक मापदण्ड तर्जुमा गरी लागु गर्ने ।

(छ) बाल अधिकार संरक्षण, सम्बर्धन तथा प्रबर्द्धन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिवृद्दि गर्ने गराउने।

(ज) जोखिममा परेका बालबालिकाको उद्धार, राहत संरक्षण तथा व्यवस्थापन गर्ने ।

(झ) बालबालिका सम्बन्धी भए गरेका कार्यहरु र बालबालिका तथा बाल अधिकारको अवस्था समेट्ने गरि स्थानीय तहको स्वीकृतिमा बालबालिका सम्बन्धि बार्षिक स्थानीय प्रतिबेदन प्रतेक आर्थिक वर्ष समाप्त भएको एक महिना भित्र सार्बजनिक गर्ने, वेबसाईटमा राख्ने र सोको एक/एक प्रति प्रदेश बाल अधिकार समिति, बालबालिकाको बिषय हेर्ने प्रदेश मन्त्रालय, परिषद र मन्त्रालय पठाउने ।

(ञ) बालबालिका सम्बन्धी स्थानीय तथ्यांक विवरण संकलन, अभिलेखिकरण, अद्यावधिक गरी सूचना प्रणालीको बिकास, संचालन, व्यवस्थापन र सुदृढीकरणमा स्थानीय तहलाई सहयोग गर्ने।

(ट) विशेष संरक्षणको आवश्यकता भएका तथा अनाथ बालबालिकालाई धर्म पुत्र, धर्मपुत्री लिन दिन संरक्षक र माथवर नियुक्त गर्न स्थानीय तह र जिल्ला अदालतलाई सहयोग गर्ने ।

(३) विशेष संरक्षणको आवश्यकता भएका बालबालिका भन्नाले ऐन को दफा ४८ बमोजिम यस कार्यविधिको अनुसूची -७ मा रहेको बालबालिका मानिनेछन।

**१७. <u>समितिको बैठक</u>**: स्थानीय बाल अधिकार समितिको बैठक सम्बन्धी व्यवस्था समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**१८. <u>उपसमिति वा कार्यदल गठन गर्न सक्ने</u>** :(१) समितिले आफुले गर्नु पर्ने कुनै काम सुचारु रुपले संचालन गर्नको निमित्त बाल विशेषज्ञ वा बाल मनोबिज्ञ, समाज सेवी, सामाजिक कार्यकर्ता, शिक्षक, चिकित्सक, बाल संजाल वा बाल क्लबका प्रतिनिधि, सामाजिक परिचालक तथा बाल अधिकारकर्मीहरु मध्ये आवश्यकता अनुसार समाबेश हुने गरी निश्चित अवधिका लागि बढीमा तीन सदस्यीय उपसमिति वा कार्यदल गठन गरी परिचालन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमिति वा कार्यदलको काम, कर्तव्य र अधिकार समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) उपदफा (१) बमोजिम गठन गरिने उपसमितिलाई बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता सम्बन्धी कार्य गर्न गराउन दीर्घकालीन जिम्मेवारी तोक्न सकिनेछ।

**१९. <u>वडा बाल अधिकार समिति गठन गर्ने</u>** : स्थानीय तहले प्रतेक वडामा बाल अधिकार समिति गठन गर्न सक्नेछ।यसरी गठन गरिने वडा बाल अधिकार समितिमा रहने सदस्य संख्या, काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि वडा समितिले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद -८

## स्थानीय बाल कोषको स्थापना ,संचालन तथा व्यवस्थापन

**२०. <u>स्थानीय बाल कोषको स्थापना</u>** : (१) ऐनको दफा ६३ को उपदफा (१) र (४) बमोजिमको प्रयोजनको लागि एक स्थानीय बाल कोष रहनेछ।

(२) उपदफा (१) बमोजिम बाल कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन;

(क) गाउँपालिका बाट वार्षिक रुपमा विनियोजित बजेट,

(ख) संघ संस्थाबाट प्राप्त हुने सहायता

(ग) निजी व्यवसाय तथा व्यक्तिहरुबाट प्राप्त हुने आर्थिक सहायता,

(घ) स्थानीय न्यायिक समितीबाट बालबालिका विरुद्द हिंसाका घटना गरिएको जरिवानाबाट प्राप्त हुन सक्ने रकम,

बाल अधिकारको संरक्षण तथा सम्वर्धनका लागि संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम

(च) अन्य श्रोत ।

**स्पष्टीकरण** : वैदेशिक सहयोग रकम वा विदेशी संस्थाबाट बाल कोषमा जम्मा गर्दा नेपाल सरकार अर्थ मन्त्रालय वा स्थानीय कानुन बमोजिमको निकायको स्वीकृति लिनु पर्नेछ ।

**२१. <u>बाल कोष संचालक समिती</u>** : (१) बाल कोष संचालनका लागि देहाय बमोजिमको संयोजक र सदस्य रहेको एक स्थानीय बाल कोष संचालक समिती रहनेछ;

| | |
|---|---|
| (क) उपाध्यक्ष/उपप्रमुख | - संयोजक |
| (ख) प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| (ग) प्रशासन शाखा प्रमुख | - सदस्य |
| (घ) लेखा प्रमुख | - सदस्य |
| (ड.) गाउँ बाल अधिकार समितीका सदस्य मध्ये समितिले तोकेको १ जना | - सदस्य |
| (च) गाउँ स्तरीय बाल संजालको प्रतिनिधि १ जना | - सदस्य |
| (छ) बाल कल्याण अधिकारी | - सदस्य सचिब |

(२) उपदफा १ बमोजिमको समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित सरोकारवालालाई आमत्रण गर्न सकिनेछ ।

**२२. बाल कोष संचालक समितिको काम, कर्तव्य र अधिकारः** बाल कोष संचालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः

क) तत्कालीन समयमा गाउँपालिका भित्र आपतकालिन अवस्थामा रहेका बालबालिकाको उद्धार संरक्षणका लागि स्थापना भै सन्चालनमा रहेका गाउँ बाल संरक्षण समिति, गाउँ बाल संरक्षण समिति र वडा बाल संरक्षण समिति लगायतका नाममा रहेका बाल कोषहरुको रकम खोजी गरि यश कार्य विधि बमोजिम बनेको बाल कोश्मा जम्मा गर्ने गराउने ।

(ख) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार गर्ने, स्वास्थ उपचार गर्ने, पुनर्स्थापना गर्ने तथा त्यस्ता बालबालिकालाई राहत दिने सम्बन्धमा आवश्यक कार्यक्रम तर्जुमा गर्ने ।

(ग) सहयोगको आवश्यकता भयका बालबालिकालाई दफा २४ बमोजिमको बाल कोषको प्रयोग र दफा २५ बमोजिमको खर्चको सिमाको आधारमा सहयोग गर्ने।

(घ) बाल कोष वृद्धि को लागि स्रोत को खोजी गर्ने ।

**२३. बाल कोष संचालक समितिको बैठकः** बाल कोष संचालक समितिको बैठक सम्बन्धी व्यवस्था संचालक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**२४. बाल कोषको प्रयोगः** बाल कोषको प्रयोग देहाय बमोजिमको प्रयोजनको लागि गरिनेछः

(क) विशेष संरक्षणको आवश्यकता भएका तथा जोखिममा रहेका बालबालिकाको उद्दार, राहत, अस्थायी संरक्षण सेवा, पारिवारिक पुनर्मिलन तथा पुनर्स्थापना, मनोसामाजिक मनोविमर्श, स्वास्थ्य उपचार, कानुनी उपचार र छात्रवृत्ति जस्ता सेवा प्रदान गर्न,

(ख) अदालतको आदेश अनुसार गाउँपालिका भित्रका बालबालिकालाई क्षतिपूर्ति दिन र बालबालिकाको हक हित सम्बन्धमा कोष संचालक समितिले तोके बमोजिमको अन्य काम गर्न गराउन ।

**२५. बाल कोष रकमको खर्च सीमाः** (१) बाल कोषको रकम देहायको अवस्था र सीमाभित्र रही कोष संचालक समितिको निर्णयबाट खर्च गर्न सकिनेछः

(क) विशेष संरक्षण आवश्यकता भएका बालबालिकालाई घर फिर्ती तथा स्वास्थ्य उपचार सेवाको लागि वार्षिक एक पटक अधिकतम रु १४ हजार सम्म,

(ख) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अस्थायी आवास, मनोसामाजिक मनोविमर्श, यातायात तथा कानुनि सहायतामा लाग्ने खर्च वार्षिक अधिकतम रु. २६ हजार सम्म,

(ग) विशेष संरक्षण आवश्यकता भएका र तत्काल सहयोगको आवश्यकता भएका बालबालिकाका लागि तत्काल राहत, शैक्षिक सहयोग, स्वास्थ्य सेवा एवं सामाजिक संरक्षणवापत एक पटक प्रति बालबालिका रु. १० हजार सम्म,

(घ) अदालतले तोकेको क्षतिपूर्ति पीडकबाट प्राप्त गर्न सक्ने अवस्था नभएको खण्डमा अदालतको आदेश अनुसार तोकेको क्षतिपूर्ति रकम,

(ड.) माथि खण्ड (क) देखि (घ) सम्म बाहेक विशेष संरक्षणको आवश्यकता भएका तथा जोखिममा परेका बालबालिकाको संरक्षणका लागि सहयोग रकमको सीमा कोष संचालकले निर्धारण गरे बमोजिम हुनेछ ।

(२) बाल कोषको रकम तालिम, गोष्ठी, भ्रमण, अनुगमन, प्रशासनिक कार्य, बैठक भत्ता र सचेतनामुलक जस्ता कार्यक्रममा खर्च गर्न पाइनेछैन ।

द्दट। **बाल कोष खाता सञ्चालनः** (१) बाल कोषको खाता सञ्चालक समितिको निर्णयले गाउँपालिकाले नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त पायक पर्ने “क” वर्गको बैंकमा “स्थानीय बाल कोष” को खाता खोली सञ्चालन गर्नेछ।

(२) उपदफा १ बमोजिमको खाता सञ्चालन स्थानीय खाता संचालन स्थानीय कोषको व्यवस्थापन संचालन बमोजिम हुनेछ।

(३) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि बाल कोषको रकम खर्च नभई वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुनेछैन।

**२७. बाल कोषको लेखा र लेखापरीक्षणः** (१) स्थानीय बाल कोषको आय व्ययको लेखापालन, खर्च लेखांकन र लेखापरीक्षण प्रचलित कानुन बमोजिम हुनेछ।

## परिच्छेद — ९

## विविध

**२८. प्रोत्साहन पुरस्कारको व्यवस्थाः** बाल अधिकारको संरक्षण तथा सम्वर्धन र प्रवर्धन कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति, बालक्लब, बाल संजाल, बाल संस्था तथा संघसंस्थालाई गाउँपालिकाले उचित पुरस्कार प्रदान गर्न सक्नेछ।

**२९. व्याख्या गर्ने वा वाधा अड्काउ फुकाउने अधिकारः** कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा हुन गएमा सोको व्याख्या वा बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकालाई हुनेछ।

**३०. संसोधन गर्न सक्नेः** यस कार्यविधिलाई कार्यपालिकाले आवश्यक संसोधन गर्न सक्नेछ।

**३१. यसै कार्यविधि बमोजिम भए गरेको मानिनेः** गाउँपालिकाले यो कार्यविधि लागु हुनुभन्दा अघि गरेका बालबालिका सम्बन्धी कार्यहरु यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।यस कार्यविधिमा उल्लेख नभएका प्रक्रियाहरु अवलम्बन गर्दा बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकार तथा प्रदेश सरकारको कानुनमा भएको बाल अधिकार संरक्षण, सम्बर्धन र प्रवर्धन प्रक्रियाहरु अवलम्बन गर्न बाधा पर्ने छैन।

आज्ञाले,

शैलेश किरण राई चाम्लिङ

प्रमुख प्रशासकीय अधिकृत

**अनुसूची — १**

**बाल क्लब/ बाल संजाल/ बाल संस्था दर्ताको निवेदन ढाँचा**

मिति :

श्री प्रमुख प्रशासकीय अधिकृतज्यु,

सूर्यगढी गाउँपालिका

कार्यपालिकाको कार्यालय

विषय : बाल क्लब/बाल संजाल/बाल संस्था दर्ता गरी पाऊ ।

महोदय,

हामीले ......................................................नामको बाल क्लब/ बाल संजाल/बाल संस्था खोल्न चाहेकोले बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ३ को उपनियम (५) बमोजिम बाल क्लब/बाल संजाल/ बाल संस्था दर्ता गर्नको लागि देहाय बमोजिमको विवरण खोलि निवेदन पेश गरेका छौं ।

**<u>संलग्न गरिएका कागजात</u>**

१. प्रस्तावित बाल क्लब, बाल संजाल वा बाल संस्थाको विधान
२. प्रस्तावित बाल क्लब, बाल संजाल वा बाल संस्था खोल्ने सम्बन्धमा भएको छलफल एवं निर्णयको प्रतिलिपि,
३. बाल क्लबमा आवद्ध सदस्य तथा पद सम्बन्धी विवरण,
४. बाल क्लब वा संस्था दर्ता गर्न चाहेको बालबालिकाको नाम, थर, उमेर, अध्ययन गरिरहेको कक्षा, ठेगाना र जन्मदर्ताको प्रतिलिपि वा अध्ययनरत विद्यालय वा आश्रित बालगृहको सिफारिस पत्र
५. बाल क्लब वा संस्थाको उद्देश्य तथा सो मार्फत गर्न चाहेका मुख्य कामको विवरण
६. बाल क्लब वा संस्थाको सदस्यताको किसिम, सदस्यता लिने प्रक्रिया तथा कार्यसमितिमा रहने पदहरुको विवरण तथा निर्वाचित हुने प्रक्रिया र अवधि सम्बन्धी विवरण

निवेदक

अध्यक्ष

**अनुसूची — २**

**बाल क्लब/ बाल संजाल/ बाल संस्था दर्ता प्रमाणपत्र**

**सूर्यगढी गाउँपालिका**

**नुवाकोट**

**बागमती प्रदेश**

**दर्ता प्रमाण — पत्र**

दर्ता न. मिति :

श्री ................................................/बाल क्लब/बाल संजाल/बाल संस्था

ठेगाना ......................

नुवाकोट जिल्ला सुर्यगढी गाउँपालिका .............न. वडाको ....................विद्यालय/ समुदायमा गठन गरिएको ...................................संस्था/बाल क्लब/ बाल संजाल/ बाल संस्थालाई यस सुर्यगढी गाउँपालिकामा दर्ता गरी बाल अधिकार संरक्षण, सम्वर्धन तथा प्रवर्धनका लागि बालबालिका सम्बन्धी नियमावली २०७८ को नियम ३ को उपनियम (६) अनुसार यो दर्ता प्रमाण — पत्र प्रदान गरिएको छ ।

बाल अधिकार संरक्षण, सम्वर्धन तथा प्रवर्धन कार्यमा नेपालको संविधान, बाल अधिकार सम्बन्धी अन्तरराष्ट्रिय महासन्धि १९८९, बालबालिका सम्बन्धी ऐन, २०७५ तथा यसको नियमावली लगायत बालबालिका सम्बन्धी विद्दमान कानुनहरुको अधिनमा रही बाल अधिकार संरक्षण, सम्वर्धन तथा प्रवर्धन गर्ने अभियानमा सक्रिय सहभागिताको अपेक्षा गरिएको छ ।

दस्तखत : ......................................

नाम :..............................................

पद : ..............................................

**अनुसूची — ३**

**बाल क्लब/ बाल संजाल/ बाल संस्था नवीकरणको निवेदन ढाँचा**

मिति :

श्री प्रमुख प्रशासकीय अधिकृतज्यु,

सूर्यगढी गाउँपालिका

कार्यपालिकाको कार्यालय

विषय : बाल क्लब/बाल संजाल/बाल संस्था नवीकरण गरी पाऊ ।

महोदय,

नुवाकोट जिल्ला सुर्यगढी गाउँपालिका .............न. वडा .................स्थित .............विद्यालय/ समुदायमा आधारित हाम्रो ........................नामको संस्था/बाल क्लब/ बाल संजाल/ बाल संस्थालाई यस सुर्यगढी गाउँपालिकामा बालबालिका सम्बन्धी नियमावली २०७८ को नियम ३ को उपनियम (६) बमोजिम मिति .............दर्ता भै क्रियाशील रहदै आएको छ । यस सिलसिलामा बालबालिका सम्बन्धी नियमावली २०७८ को नियम ४ को उपनियम (१) बमोजिम बाल क्लब/बाल संजाल/बाल संस्था नवीकरण गर्नका लागि देहायको विवरण खुलाई निवेदन पेश गरेका छौ ।

हाम्रो यो बाल क्लब/बाल संजाल/बाल संस्थाले वर्षभरी सम्पन्न गरेका मुख्य क्रियाकलापहरुको संक्षिप्त विवरण, यस बाल क्लब/बाल संजाल/बाल संस्थामा हाल कार्यरत रहेका सदस्यहरु तथा कार्यसमितिमा रहेका पदाधिकारीहरुको विवरण यसै साथ संलग्न गरिएको छ ।

**<u>संलग्न गरिएका कागजात</u>**

१. आर्थिक वर्षमा गरेका मुख्य काम वा क्रियाकलापको संक्षिप्त विवरण
२. कार्यसमिति सदस्य हेरफेर भएको विवरण (यदि हेरफेर भएको छ भने मात्र)

निवेदक

अध्यक्ष

**अनुसूची — ४**

**बाल क्लब/ बाल संजाल/ बाल संस्थाको दर्ता किताब**

**सुर्यगढी गाउँपालिका**

**नुवाकोट जिल्ला**

**बागमती प्रदेश**

| क्र.स. | बाल क्लब/संजाल/संस्थाको नाम | ठेगाना | सदस्य संख्या | | संरक्षकको नाम | स्थापना मिति | दर्ता न. र मिति | सम्पर्क न. | प्रमाण पत्र बुझ्नेको नाम | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

अनुसूची – ५

**बाल क्लब/ बाल संजाल/ बाल संस्था नवीकरण दर्ता किताब**

**सूर्यगढी गाउँपालिका**

**नुवाकोट जिल्ला**

**बागमती प्रदेश**

| क्र.स. | बाल क्लब/संजाल/संस्थाको नाम | ठेगाना | सदस्य संख्या | | संरक्षकको नाम | स्थापना मिति | दर्ता न. र मिति | सम्पर्क न. | नवीकरण मिति | प्रमाणित गर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**अनुसूची — ६**

**स्थानीय बाल अधिकार समिति तथा न्यायिक समितिमा उजुरी दिने निवेदनको ढाँचा**

मिति :

श्री सूर्यगढी गाउँ बाल अधिकार समिती/ न्यायिक समिति

सूर्यगढी गाउँपालिका

विषय : उजुरी सम्बन्धमा

१. विद्यार्थीको नाम/थर ..................................................(आफुलाई नाम थर लेख्न मन नलागेमा नलेखे नि हुन्छ)
२. कक्षा ............................................(आफुलाई कक्षा लेख्न मन नलागेमा नलेखे नि हुन्छ)
३. विद्यालयको नाम .............................................
४. उमेर ............................................
५. लिंग .........................................
६. गुनासो तथा घटनाको संक्षिप्त विवरण ....................................................................
७. घटना घटाउने व्यक्ति ..........................................
८. घटनाको प्रकृति .................................................
९. घटना वा समस्या नया हो वा दोहोरिएको हो ................................
१०. घटना वा समस्या समाधानका सम्भावित उपायहरु के हुन सक्दछन? ..................................................................................................................................................................................................................................

निवेदनको दस्तखत

(दस्तखत गर्न मन नलागेमा नगर्दा नि हुन्छ)

**अनुसूची — ७**

**विशेष संरक्षण आवश्यकता भएका बालबालिका**

(१) अनाथ बालबालिका,

(२) अस्पताल वेवारिसे अवस्थामा छाडिएका बालबालिका

(३) कुनै सार्वजनिक स्थानमा वेवारिसे अवस्थामा छाडिएको बालबालिका

(४) वेवारिसे फेला परेका बालबालिका

(५) बाबुआमा बाट अलग्गिएका बालबालिका

(६) बाबुआमा पत्ता नलागी बेवारिसे भएका बालबालिका

(७) बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालबालिका,

(८) कानूनी विवादमा परेका बालबालिकामध्ये दिशान्तर प्रक्रिया अन्तर्गत वैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका,

(९) थुनामा रहेका वा बन्दी बाबु वा आमासँग आश्रित भई कारागारमा रहेका बालबालिका,

(१०) जबरजस्ती करणी वा कानून बमोजिम सजाय हुने हाडनाताबाट जन्मिएको शिशुलाई आफूले पालनपोषण गर्न नसक्ने भनी बाल कल्याण अधिकारी समक्ष निवेदन परेका बालबालिका,

(११) बाबु, आमा वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबालिका,

(१२) जबरजस्ती वा बँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको वा प्रचलित कानून विपरीत श्रममा संलग्न भई जीवनयापन गरिरहेका बालबालिका,

(१३) धूमपान, मद्यपान एवं अन्य लागूऔषधको कुलतमा फसेका, एच.आई.भी. सङ्क्रमित बालबालिका,

(१४) गम्भीर शारीरिक वा मानसिक स्वास्थ्य समस्या वा गम्भीर अपाङ्गता भएको कारण जीवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेको बालबालिका

(१५) सामान्य जीवनयापन गर्न कठिनाइ भएका बालबालिका,

(१६) बालबालिका विरुद्धको कसूरबाट पीडित भएका वा त्यस्तो जोखिममा रहेका बालबालिका,

(१७)	विपद् वा सशस्त्र द्वन्द्वका कारणले बाबुआमा दुवै वा आमा बाबुमध्ये एक गुमाएका बालबालिका,

(१८)	बाबुआमा दुवै वा आमा वाबु मध्ये एक बेपत्ता भएका बालबालिका,

(१९)	आफै शारीरिक वा मानसिक रूपमा घाइते भएका बालबालिका

(२०)	अपाङ्गता भएका बालबालिका,

(२१)	विपन्न दलित समुदायका बालबालिका,

(२२)	नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले नेपाल राजपत्रमा सुचना प्रकाशन गरी विशेष संरक्षणको आवश्यकता भएका बालबालिका भनी तोकेका अन्य बालबालिका।

आज्ञाले,

शैलेश किरण राई चाम्लिङ

प्रमुख प्रशासकीय अधिकृत